प्रदेश सरकार

बागमती प्रदेश

भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय

पशुपंछी तथा मत्स्यविकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,मकवानपुर

## औषधिजन्य मालसामान आपुर्ती सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति:२०७७/०७/२० गते

१) यस कार्यालयको चालु आ.व.२०७७/०७८ को स्विकृत कार्यक्रम अनुसार सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) बमोजिम यस कार्यालयलाई आवश्यक पर्ने तपशिलका औषधीजन्य सामाग्रीहरु खरिद गर्नुपर्ने भएकोले आपुर्ति गर्न इच्छुक र इजाजतप्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको दरभाउ पत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिन २०७७।०८।०४ गते कार्यालय समयसम्म दरभाउ पत्र फाराम यस कार्यालयमा सम्बन्धित आपूर्तीकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसायदर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म,संस्था वा कम्पनीदर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ.व.२०७६/०७७ सम्मको कर चुक्ता गरेको प्रमाणित प्रमाण पत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी नियमानुसार को तपशिलमा उल्लेखित दरभाउ पत्र दस्तुर रु १०००।- (पछि फिर्ता नहुने गरी) यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,मकवानपुरको कोड नं.३१२०२२०४३, कार्यालयको राजस्व खाता नं.१०००२०००१०००० राष्ट्रिय वाणिज्य बैंक लि शिर्षक नं. १४२२९ मा दाखिला गरेको सक्कल भौचर वा राजस्व शाखामा दाखिला गरेको नगदी रसिद निवेदन साथ पेश गरेपछि नियमानुसार दरभाउ पत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ । तोकिएको समय भन्दा पछाडिको दरभाउ पत्रमान्य हुने छैन ।

३) खरिद गरीएको दरभाउ पत्र फारामको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सुचना प्रकाशित भएको मितिदेखि १६औं दिनको (२०७७/०८/०५ गते) १२:०० बजे भित्र यस कार्यालयमा उपस्थित भई दरभाउ पत्र दर्ता गराउन सकिने छ।

४) दरभाउ पत्र फारम साथ जमानत बापतको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय, मकवानपुरको राष्ट्रिय वाणिज्य बैंकमा रहेको धरौटी खाता १३००१००२०२०३०००० मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा ७५ दिन म्याद भएको (दरभाउ पत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत बापतको भौचर, रसिद वा बिडबण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

५) दर्ता हुन आएका सिलबन्दीदरभाउ पत्र फारामहरु यस कार्यालयमा दरभाउ पत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा १६ औं दिनको २:०० बजे भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,मकवानपुरमा खोलिने छ, तर निजहरुको अनुपस्थितिमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

६) प्राप्त दरभाउ पत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । दरभाउ पत्रमा प्रत्येक आइटम दर रेट अंक र अक्षरमा बुझिने गरी भर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षर लाई मान्यता दिइने छ ।

७) दरभाउ पत्र सम्बन्धि अन्य शर्तहरु दरभाउ पत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।
८) दरभाउ पत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटिमा टाँस गरिनेछ।
९) अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) अनुसार हुनेछ ।
१०) दरभाउ पत्रसम्बन्धी थप जानकारीका लागी यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,मकवानपुरमा सम्पर्क गर्न सकिनेछ ।
११) दरभाउपत्रमा उल्लेखित सम्पूर्ण औषधीहरुको मूल्य अनिवार्य रुपले भरिएको हुनुपर्नेछ ।

| दरभाउ पत्र / ठेक्का नं. | सामान /उपकरणको नाम | इष्टिमेट रकम अंक | दरभाउ फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| VHLEC/NCB/Goods/01/2077/078 | औषधीजन्य मालसामान आपुर्ती (दरभाउ पत्रमा संलग्न स्पेसिफिकेशन बमोजिम) | ५०३२६६।- | १०००।- (रु. एक हजार मात्र) | १५,०००।- (रु. पन्ध्र हजार मात्र) |